
आज मिति २०७४ साल आश्विन ०८ गते आईतबार दिनको २.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठको अध्यक्षतामा आठौं बैठक बस्यो । उपस्थिति निम्नानुसार छन् ।

उपस्थिति

उपस्थिति

१. नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ	उपस्थित
२. उप प्रमुख श्री विमला कुमारी चौलागाई शर्मा	उपस्थित
३ वडा अध्यक्ष श्री रमेश प्रसाद घोरासाईने	उपस्थित
४. का.वा. वडा अध्यक्ष श्री टिका बल्दव सापकोटा	उपस्थित
५. वडा अध्यक्ष श्री विनोद पराजुली	उपस्थित
६. वडा अध्यक्ष श्री रविन्द्र कर्मचार्य	उपस्थित
७. वडा अध्यक्ष श्री गंगा सागर रजिंतकार	उपस्थित
८. वडा अध्यक्ष श्री सञ्जय कोजु	उपस्थित
९. वडा अध्यक्ष श्री रोमी प्रसाद व्याञ्जु	उपस्थित
१०. वडा अध्यक्ष श्री निराजन जंगम	उपस्थित
११.वडा अध्यक्ष श्र बसन्त बहादरु रानाभाट	उपस्थित
१२. वडा अध्यक्ष श्री पृष्पराज राउत	उपस्थित
१३. वडा अध्यक्ष श्री विष्णु धिताल	उपस्थित
१४ वडा अध्यक्ष श्री हर्क बहादुर तामाङ	उपस्थित
१५. नगर कार्यपालिका सदस्यहरु श्री जमुना देवी लामा तामाङ	उपस्थित
१६. " " श्री रसिला तामाङ लामा	उपस्थित
१७. " " श्री रोजना श्रेष्ठ	उपस्थित
१८. " " श्री सन्जु तामाङ	उपस्थित
१९. " " श्री संगिता श्रेष्ठ	उपस्थित
२०. " " श्री अर्जुन बहादुर भुजेल	उपस्थित
२१. " " श्री कृष्ण बहादरु भुजेल	उपस्थित
२२. " " श्री सुमेश परीयार	उपस्थित
२३. कार्यकारी अधिकृत श्री महेश बराल	उपस्थित



विषयहरु

१) मासिक प्रगती विवरण सम्बन्धमा ।
२) एफ एम रेडियो सञ्चालन सम्बन्धी कार्यबिधि,२०७४ स्वीकृत ।
३) आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४ स्वीकृत ।
४) फोहरमैला व्यवस्थापन सम्बन्धमा ।
५) कोरियाको Nonjan City संग भगिनी सम्बन्ध स्थापना सम्बन्धमा ।
६) अमेरिकाको Boston City संग भगिनी सम्बन्ध स्थापनाको पहल गर्ने सम्बन्धमा ।
७) अन्य विविध सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

यस नगरपालिकाबाट भाद्र मसान्त भित्र सम्पादन गरिएका कार्यक्रम उपर नगर प्रमुखबाट तैयार गरी पेश भएको प्रगति प्रतिवेदन प्रस्तुत भई जानकारी प्राप्त भयो ।

निर्णय नं. २

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट नमूना स्वरुप प्राप्त एफ एम रेडियो व्यवस्थापन तथा संचालन सम्बन्धी नमूना कार्यविधि २०७४ स्वीकृत गर्न आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त नगरपालिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४ स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिका क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी विवाद समाधानका लागि गठित कार्यदलको प्रतिवेदन पेश भए बमोजिम सम्झौता परिमार्जन गरी कार्य गर्न सूची बमोजिमका शर्तहरु स्वीकृत गरी निरन्तर कार्य गर्न **श्री धुलिखेल टुरिष्ट ईम्फरमेशन ईन्टरनेशनल एण्ड सर्भिस सेन्टर धु.न.पा.-७** संस्था तयार भएमा सम्झौतामा आवश्यक संशोधन गरी प्रभावकारी रुपमा फोहरमैला व्यवस्थापन कार्य गर्ने ।

निर्णय नं. ५

दक्षिण कोरिया Nonson City र यस नगरपालिका बीचमा भगिनी सम्बन्ध स्थापना गर्ने, नेपाली दुतावास कोरियाबाट प्राप्त सम्झौताको मस्यौदालाई स्वीकृत गर्ने र साविकको स्थानीय शासन ऐनको दफा २५३ बमोजिम स्थानीय निकायहरुले विदेशी सरकार,अन्तरांष्ट्रिय संघ संगठन, कुटनैतिक नियोग र अन्तरांष्ट्रिय गैर सरकारी संस्थासंग सम्पर्क राख्दा नेपाल सरकारको पूर्व स्वीकृत दिनु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम नेपाल सरकार संग स्वीकृति माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

अमेरिकाको Boson City र यस नगरपालिका बीचमा भगिनी सम्बन्ध स्थापनाका लागि आवश्यक पहल गर्ने । यस कार्यका लागि आवश्यक सहजिकरण र सहयोग गर्न यस नगरपालिका वडा नं. ७ निवासी डा. दीर्घराज बरुण श्रेष्ठ र समन्वयकर्ता न्यूयोर्क, अमेरिका बस्ने रामकृष्ण देउजालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

धुलिखेल नगरपालिका क्षेत्र भित्रको वडा नं. ५ अन्तर्गत श्रीखण्डपुर र वडा नं. ६ र ७ को पुरानो बजार सम्पदा क्षेत्रलाई पुरातात्विक क्षेत्र घोषणाका लागि पुरातत्व विभागमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

आ.व. ०७४/०७५ प्रथम चौमासिक अन्तर्गत सामाजिक सुरक्षा भत्ता बैकंहरुबाट समय अभावका करण वितरण गर्न नसक्ने भएकोले उक्त भत्ता हाललाई सम्बन्धित वडाबाट बितरण गर्न वडा कार्यालयहरुमा रकम निकासा गर्ने निर्णय गरियो ।

धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल
२०७३